**नेपाल सरकार**
**ऊर्जा मन्त्रालय**

# सूचना

*मिति: २०७४।०८।०८*

आज मिति २०७४।०८।०८ गते ऊर्जा मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा माननीय उपप्रधान तथा ऊर्जा मन्त्रीज्यूले जानकारी गराउनु भए बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।०८।०८ गतेको बैठकको निर्णयानुसार बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको विकास निर्माण निम्न बमोजिम गरिने व्यहोरा जानकारीको लागि सूचित गरिन्छ ।

(१) स्वदेशी लगानी र प्रविधि उपयोग गरी विकास निर्माण गराउने ।

(२) नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४।०१।०७ को कम्पनी मार्फत् आयोजना विकास निर्माण गराउने निर्णयको सट्टा इञ्जिनियरिङ्ग प्रोक्यूरमेण्ट एण्ड कन्स्ट्रक्सन (EPC Model) मा नेपाल विद्युत प्राधिकरण मार्फत् विकास गराउने ।

(३) लगानीको खाका तयार गर्न मा. उपाध्यक्ष, राष्ट्रिय योजना आयोगको संयोजकत्वमा अर्थ सचिव, ऊर्जा सचिव, गभर्नर, नेपाल राष्ट्र बैंक, सहसचिव, नीति तथा वैदेशिक समन्वय महाशाखा, ऊर्जा मन्त्रालय तथा कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण सदस्य सचिव रहने गरी समिति गठन गर्ने ।

(४) तल्लो तटीय फाइदाको अध्ययन जल तथा ऊर्जा आयोगको सचिवालयले गर्ने ।

(५) आयोजना आठ वर्षको समयावधिमा सम्पन्न गर्ने ।

(६) वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाईले गरिआएको कार्य यथावत् सुचारु गर्ने ।